# राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको अनुरोध

२०७५ भाद्र २१ गते सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निर्देशक समितिको बैठकले तपशिल अनुसारका भूकम्प पिडितहरुले बुझेको निजी आवास पुनर्निर्माण अनुदान रकम फिर्ता गराउने निर्णय गरेकाले यस्ता भूकम्प पिडीतहरुलाई निजले बुझेको अनुदान रकम यो सूचना प्रकाशित मितिले तीन महिना भित्रमा सम्बन्धित कार्यालयमा फिर्ता गर्नुहुन सबैमा अनुरोध गरिन्छ ।

- भूकम्पबाट क्षतीग्रस्त भएको घर वाहेक सोही स्थान वा नेपालभर अन्य कुनै स्थानमा वस्नयोग्य घर भएका व्यक्तिहरुले झुठा विवरण पेश गरी निजी आवास पुनर्निर्माण अनुदान लिएको भएमा तीन महिना भित्रमा आफुले लिएको अनुदान रकम फिर्ता गर्नु हुन अनुरोध छ । अन्यथा भूकम्प पिडीतबाट निजहरुले लिएको अनुदान रकम सरकारी बाँकीसरह असुल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।
- कुनै भूकम्प पिडीतहरुले एक भन्दा बढी ठाउँबाट निजी आवास पुनर्निर्माण अनुदान लिएको भएमा एक ठाउँबाट बुझेको बाहेक अन्य सबै ठाउँबाट बुझेको अनुदान रकम फिर्ता गर्नु हुन सबैमा अनुरोध गरिन्छ । अन्यथा एक भन्दा बढी ठाउँबाट बुझेको प्रमाणित भएमा निजहरुबाट अनुदान रकम सरकारी बाँकीसरह असुल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

अनुदान रकम फिर्ता गर्नका लागि सम्बन्धित जिल्लास्थित **जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार )** मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।